**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

BROADCAST: 18:40 hrs. Date: 12.10.2025

- **Centenary Celebration of PM SHRI School, Dentam**

PM श्री सरकारी वरिष्ठ माध्यमिक विद्यालय, देन्ताममा यस संस्थानको समृद्ध सम्पदा र विद्यार्थीहरूको प्रतिभा प्रदर्शित गर्ने विभिन्न सांस्कृतिक, साहित्यिक र खेलकुदका गतिविधिहरूसहित शताब्दी समारोह पालन भइरहेको छ। कार्यक्रमको तेस्रो दिन आज मुख्य अतिथिका रूपमा उपस्थित सिक्किम राज्य ब्याङ्कका अध्यक्ष DB गुरूङले यस संस्थानद्वारा शिक्षा र समुदायको विकासमा शताब्दी लामो अवधिमा पुऱ्याएको योगदानको प्रशंसा गर्नुभयो। उहाँले विद्यालयको उत्कृष्टता हासिल गर्ने परम्परालाई यथावत राख्नमा रहेको शिक्षकगण र विद्यार्थीवर्गको समर्पणको सराहना गर्नुभयो। उहाँले आग्रह गर्दै भन्नुभयो, शिक्षामा समग्र विकास र नवीनताका लागि सबैले निरन्तर प्रयासरत रहनुपर्नेछ।

समारोहमा विद्यालय समुदायको प्रतिभा, रचनात्मकता र एकता प्रदर्शन गर्ने विभिन्न सांस्कृतिक प्रस्तुति, साहित्यिक प्रतियोगिता र प्रदर्शनीहरू समावेश गरिएको छ। कार्यक्रमले युवाहरूलाई आकार दिने र गेजिङ जिल्लाको शैक्षिक विकासमा योगदान पुऱ्याउने संस्थाको समृद्ध सम्पदालाई पनि प्रतिबिम्बित गरेको छ।

--------------------------------------X--------------------------------------

- **Plantation Drive**

मुख्यमन्त्रीको पृथ्वीसँग जोडियौं तथा पर्यावरणीय जिम्मेवारीको संस्कृतिलाई बढावा दिउँ भन्ने दृष्टिकोणअनुरूप आज पाकिममा विशेष विरूवा रोपण कार्यक्रम आयोजन गरियो। पाकिम जिल्लाको शिक्षा विभागअन्तर्गत खण्ड शिक्षा कार्यालयका उपनिदेशक HN सेङ्गाको मार्गदर्शनमा राष्ट्रव्यापी अभियान एक पेड माँ के नाम-अन्तर्गत यो विशेष कार्यक्रम पालन गरिएको हो।

ताकसाङ कैजले प्राथमिक विद्यालय परिसरमा सम्पन्न विरूवा रोपण अभियानको उद्देश्य विद्यार्थीवर्ग र गाउँवासीलाई अर्थपूर्ण अनि व्यवहारिक पर्यावरणीय कार्यमा संलग्न गराउनु रहेको थियो।

यसअवधि अम्बक, सुन्तोलासहित विभिन्न सजावटका फूलहरू रोपियो।

--------------------------------------X--------------------------------------

- **World Arthritis Day**

आज विश्व बाथ दिवस हो। यसको आयोजना पाथ रोग र यसको बचाउ सम्बन्धमा जागरूकता फैलाउने उद्देश्यले गरिन्छ। दिल्लीमा अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स)-को रुमेटोलोजी विभागकी प्रमुख डाक्टर उमा कुमारले बाथको लक्षणको पहिचान गरेर यसको उचित उपचार गर्न सकिने बताउनुभयो। उहाँले भन्नुभयो, शरीरको जोड्नीमा दुख्नु, कडा हुनु र सुन्निनु बाथ रोगका केही लक्षणहरू हुन्। डा. कुमारले जोड़ दिँदै भन्नुभयो, प्रारम्भिक निदान र समयमा उपचारले बाथ रोगको परिणामलाई पूर्ण रूपमा परिवर्तन गर्नसक्छ।

--------------------------------------X--------------------------------------

- **Transport Department Notification**

सड़क परिवहन तथा राजमार्ग मन्त्रालयद्वारा जारी निर्देशनको अनुपालनमा सिक्किम सरकारको परिवहन विभागअन्तर्गत मोटर वाहनले अधिसूचना जारी गर्दै भनेको छ, सिक्किम राज्यमा पञ्जीकृत सबै सार्वजनिक परिवहन वाहनहरूले आफ्ना वाहनमा अनिवार्य रूपमा जनावरप्रति दयालु हुनुहोस् अथवा Be Kind to Animal लेखिएको नारा लगाउनुपर्नेछ। यो नारा अंग्रेजी, हिन्दी अथवा सम्बन्धित क्षेत्रीय भाषामा प्रदर्शित गर्नुपर्नेछ। यो नारा वाहनको अघिल्लो अनि पछिल्लो भागमा लगाइनुपर्ने पनि अधिसूचनामा बताइएको छ।

--------------------------------------X--------------------------------------

- **Kala Utsav**

PM श्री टाशी नामग्याल वरिष्ठ माध्यमिक विद्यालयमा हिजो यस वर्षको राज्य स्तरीय कला उत्सव पालन गरियो। शिक्षा मन्त्रालयअन्तर्गत विद्यालय शिक्षा तथा साहित्य विभागको ध्वजवाहक कार्यक्रमको रूपमा रहेको कला उत्सवको लक्ष्य माध्यमिक स्तरका विद्यार्थीहरूको कलात्मक प्रतिभालाई प्रवर्द्धन र प्रदर्शन गर्नु हो, जुन राष्ट्रिय शिक्षा नीति 2020-सित मिल्दोजुल्दो छ।

कार्यक्रममा मुख्य अतिथिको रूपमा उपस्थित शिक्षा मन्त्री राजु बस्नेतले जोड़ दिँदै भन्नुभयो, यस्तो कार्यक्रम विद्यार्थीहरूको समग्र विकासका निम्ति महत्त्वपूर्ण हुँदछ।

यस वर्ष संगीत, गायन लगायत बाह्रवटा विभिन्न वर्गमा प्रतियोगिताहरू रहेका थिए। कार्यक्रमअवधि राज्यको छहवटै जिल्लाबाट एक सय छत्तीसजना विद्यार्थीहरूले सहभागिता जनाए।

--------------------------------------X--------------------------------------

- **ICAR**

पूर्वोत्तर हिमाली क्षेत्रका लागि ICAR अनुसन्धान परिसर, सिक्किम केन्द्र, तादोङले प्रधानमन्त्री नरेन्द्र मोदीको दूरदर्शी मार्गदर्शनमा राष्ट्रव्यापी कृषि पहुँच अभियान अन्तर्गत हिजो एउटा विशेष कृषि कार्यक्रम आयोजन गऱ्यो। ICAR सिक्किम केन्द्रको क्षेत्रीय केन्द्रका प्रमुख डाक्टर अशोक कुमारको नेतृत्वमा आयोजित कार्यक्रममा सिक्किमका सबै जिल्लाबाट तीन सयभन्दा अधिक किसानले सहभागिता जनाए।

यस कार्यक्रमको उद्देश्य पूर्वोत्तर हिमाली क्षेत्रमा कृषि अनुसन्धान, नवाचार र किसान सशक्तिकरणलाई दह्रि बनाउने भारत सरकारको निरन्तर प्रतिबद्धतालाई उजागर गर्नु रहेको थियो। यसका साथै किसान, वैज्ञानिक, नीति निर्माता र कृषि उद्यमीहरूलाई एकै साथ अघि ल्याएर यस क्षेत्रको अद्वितीय कृषि-पारिस्थितिक अवस्था अनुरूप टिकाऊ र

जलवायु अनुकूल कृषि पद्धतिहरूबारे चर्चा गर्नु कार्यक्रमको अर्को उद्देश्य रहेको थियो।

--------------------------------------X--------------------------------------

- **Sports**

पाकिम जिल्लाको कारथोकस्थित बोजेटार खेल मैदानमा आजबाट अन्तर राज्य दिवाली फुटबल प्रतियोगिता शुरू भयो। गेम्बोस पाकिमद्वारा आयोजना गरिएको प्रतियोगिताको उदघाटनीय समारोहमा खेलकुद विभाग मन्त्री राजु बस्नेत प्रमुख अतिथि हुनुहुन्थ्यो। यस प्रतियोगिताकी मुख्य संरक्षक नाथाङ माचोङ क्षेत्रकी विधायक एवं सामाजिक कल्याण तथा महिला, बाल, वरिष्ठ नागरिक एवं दिव्याङ्गजन विभागकी सल्लाहकार पामिन लेप्चा हुनुहुन्छ। सिक्किम राज्य गठनको पचासौं वर्षगाँठ पालन गर्न तथा नशामुक्त सिक्किमको सन्देश फैलाउने लक्ष्यका साथ आयोजित प्रतियोगिता दुई नभम्बरमा समाप्त हुनेछ। आज भएका दुईवटा खेल पाकिम United Veteran बनाम Firebird स्पोर्टिङ क्लब र UDFC बनाम विसल Warriors माझ खेलाइयो। यस प्रतियोगितामा कुल उन्तीसवटा दलले सहभागिता जनाइरहेका छन्।

--------------------------------------X--------------------------------------